तादी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ४ मितिः २०७७/०३/१७

**भाग-२**

**तादी गाउँपालिका**

चिया तथा कफि विकासका लागि प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वयनका लागि तादी गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ

# चिया तथा कफि विकासका लागि प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७

**प्रस्तावना**

नेपाली चिया तथा कफि क्षेत्रसंग सम्वन्धित नीति, नियम तथा योजना तर्जुमा गरी चिया तथा कफिको गुणस्तरीय उत्पादन प्रशोधन, बजार ब्यवस्थापन सहित समग्र विकासका लागि कार्य गर्न, आयात प्रतिस्थापन र निर्यातमा महत्वपुर्ण भूमिका खेल्न, चिया र कफि क्षेत्रको विकास र विस्तारका लागि आवश्यक पर्ने प्राविधिक एवं वित्तिय सहयोगका लागि गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदानबाट चिया तथा कफि विस्तार कार्यक्रम, मेसिनरी औजार तथा कारखाना स्थापनार्थ अनुदान कार्यक्रमहरुको व्यवस्थित र प्रभावकारी कार्यान्वयनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

(क) यो कार्यविधिको नाम "  चिया तथा कफि विकासका लागि प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ " रहको छ ।

(ख) यो कार्यविधि तादी गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "गाउँपालिका" भन्नाले तादी गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) "अनुदान ब्यवस्थापन समिति" भन्नाले गाउँपालिकाको अध्यक्षको संयोजकत्वमा गठित दफा ९ (क) बमोजिमको समिति सम्झनु पर्दछ ।

(ग) "कार्यविधि" भन्नाले " चिया तथा कफि विकासका लागि प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ " लाई सम्झनु पर्दछ ।

(घ) "कार्यक्रम" भन्नाले गाउँपालिकाबाट संचालन गरिने अनुदान कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ङ) "निकाय" भन्नाले सम्वन्धित सरकारी कार्यालयमा विधिवत रुपमा दर्ता भई चिया वा कफि सम्वन्धि कार्य गर्ने कृषि समुह/फर्म/कम्पनी/संघ/सहकारी संघ/संस्थालाई सम्झनु पर्दछ ।

(च) "सहकारी संघ/संस्था" भन्नाले चिया तथा कफी संग सम्वन्धि काम गर्नका लागि सहकारी ऐन, २०७४ अन्तर्गत विधिवत दर्ता भएका सहकारी संघ/संस्थालाई सम्झनु पर्दछ ।

(छ) कम्पनी भन्नाले चिया तथा कफिसंग सम्वन्धित काम  गर्नको लागि गठन भएको फर्मलाई सम्झनु पर्दछ ।

(ज) “प्रस्ताव” भन्नाले सूचना प्रकाशन पछि चिया वा कफी संग सम्वन्धित निकायले पेश गरेको अवधारणा पत्रलाई सम्झनुपर्छ ।

(झ) “नर्सरी” भन्नाले विरुवा उत्पादनका लागि सबै मापदण्डहरु पुरा भएको गुणस्तरीय नर्सरीलाई सम्झनु पर्छ ।

(ञ) “कटिङ डाला” भन्नाले चियाको प्रसारणको लागि काउ बोटबाट लिईएको हाँगालाई सम्झनुपर्छ ।

(ट) “अनुगमन” भन्नाले अनुदान प्राप्त गरेको निकायको स्थलगत अनुगमन सम्झनु पर्दछ ।

**३. उद्देश्यहरु** : यस कार्यविधिको उदेश्यहरु देहाय बमोजिमको रहेका छन :

(क) चिया तथा कफिका व्यवसायिक फर्म, कम्पनी, सहकारी संघ/संस्था तथा निजी उद्योगहरुको क्षमता विकासका लागि उपलब्ध गराईने भौतिक तथा आर्थिक अनुदानलाई व्यवस्थित र पारदर्शि गराउने,

(ख) चिया तथा कफि खेती, प्रशोधन र बजारीकरणका लागि उपलब्ध गराईने भौतिक तथा आर्थिक अनुदानलाई व्यवस्थित र पारदर्शि गराउने,

(ख) चिया तथा कफि खेतीलाई सम्भावित स्थानहरुमा विशिष्टिकरण गरी व्यवस्थित रुपले कार्यान्वयन गर्न सहयोग पुराउने र

(ग) प्राङ्गारीक चिया तथा कफि उत्पादन फर्म तथा सहकारी संघ/संस्थालाई प्रोत्साहन गर्ने ।

## परिच्छेद २

## चिया/कफि खेति विस्तार तथा प्रवर्द्धन सम्वन्धी व्यवस्था

**४. प्रस्ताव आह्वान**

(क) चिया तथा कफि खेती विस्तार तथा प्रवर्द्धनका लागि उत्पादन, प्रशोधन तथा बजारीकरणको लागि गाउँपालिकाबाट स्वीकृत बार्षिक कार्यक्रम र संघीय तथा प्रदेश सरकारबाट प्राप्त अनुदान बमोजिम कार्यक्रम कार्यान्वयन गर्न गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रमको हकमा स्थानीय दैनिक

पत्रिकामा र संघ तथा प्रदेश सरकारको अनुदान मार्फत संचालन हुने कार्यक्रममा राष्ट्रिय दैनिक मार्फत प्रस्ताव आह्वान गरिने छ ।

(ख) प्रस्ताव आह्वानको सूचना अनुसुचि १ बमोजिम हुनेछ ।

(ग) प्रस्तावकले अनुसुचि २ बमोजिमको निवेदन र सम्वन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूचि ३ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

**५. प्रस्तावना मुल्याङ्कन तथा छनौट विधिः** प्रस्तावना मुल्याङ्कन तथा छनौट विधि देहाय बमोजिम हुनेछ ।

(क) प्रस्ताव आह्वान बमोजिम समय सिमा भित्र प्राप्त हुन आएका प्रस्तावहरु उपर गाउँपालिकाद्धारा गठित मूल्याँकन समितिले अनुसुचि ४ बमोजिमको ढाँचा तथा सार्वजनिक खरीद ऐन तथा नियमावली समेतलाई अनुशरण गरी मूल्याङकन गर्नेछ । मूल्याङकन पश्चात प्रतिस्पर्धाको आधारमा अनुदान व्यवस्थापन समितिलाई कारवाही प्रक्रिया अगाडी बढाउन सिफारिस गर्नेछ ।

(ख) मूल्याँकन समितिको सिफारिसको आधारमा अनुदान व्यवस्थापन समितिले अन्तिम निर्णय गर्नेछ ।

(ग) यदी प्रस्ताबकहरुको समान अंक भएमा अनुदान व्यवस्थापन समितिले आवेदकहरुको व्यवस्थापकीय तथा वित्तिय क्षमताको आधारमा निर्णय गर्नेछ ।

(घ) छनौट भएका प्रस्तावकहरुसंग अनुसुचि ५ बमोजिमको ढाँचामा सम्झौता गरी सम्झौता रकमको ५० प्रतिशत रकम उपलब्ध गराईने छ ।

**६. अनुदान उपलब्ध गराईने आधारहरु** :- अनुदान उपलब्ध गराईने आधारहरु देहाय बमोजिम हुनेछन ।

(क) प्रस्तावसाथ संलग्न गर्नु पर्ने कागजातहरु अनिवार्य रुपमा पेश गरेको हुनु पर्नेछ । माग अनुरुपका कागजातहरु अपुग भएमा प्रस्ताव रद्ध गर्न सकिनेछ ।

(ख) अनुदान लिन ईच्छुक निकाय गाउँपालिकामा दर्ता भएको हुनुपर्ने छ ।

(ग) प्राङ्गारीक खेति गर्ने आधारहरु सहित प्रस्ताव पेश गर्ने आवेदकलाई प्राथमिकता दिइनेछ ।

(घ) विरुवा रोपणको लागि प्रस्ताव गर्ने आवेदकले लेआउटको साथै विरुवा रोपण गर्नु पुर्व गर्नुपर्ने छहारी ब्यवस्थापन लगायतका सम्पुर्ण कार्य गरीसकेको हुनुपर्नेछ भने विरुवाको श्रोत समेत खुलाएको हुनुपर्नेछ ।

(ङ) नर्सरी अनुदानको लागि प्रस्ताव पेश गर्ने आवेदकले भविष्यमा विरुवाको माग तथा सम्भाव्य लाभान्वित किसानहरुको अग्रिम पहिचान गरेको हुनुपर्नेछ ।

(च) चियाको विरुवा रोपणको लागि न्युनतम १०० रोपनी र नर्सरीको लागि न्यूनतम १ लाख विरुवा उत्पादनको लागि प्रस्ताव पेश गरेको हुनुपर्ने छ ।

(छ) कफिको विरुवाको रोपणको लागि न्यूनतम ५० रोपनी र नर्सरीको लागि न्यूनतम १००००० विरुवा उत्पादनको लागि प्रस्ताव पेश गरेको हुनुपर्नेछ ।

(ज) चिया/कफी उत्पादन गर्ने निकायहरुको प्रस्तावलाई प्राथमिकता दिईनेछ ।

(झ) बैदेशिक रोजगारीबाट फर्केका युवा बर्ग, शिक्षित बेरोजगार तथा सहकारी संघ/संस्थाहरुको प्रस्तावलाई प्राथमिकता दिईनेछ ।

(ञ) सोही कार्यको लागि अन्य निकायबाट अनुदान लिएको भए उल्लेख गर्नुपर्नेछ ।

(ट) ८०० मिटर भन्दा माथिको उचाईको कफि रोपणलाई अनुदान उपलब्ध गराईनेछ ।

**७. उपलब्ध गराउने अनुदान रकम** : अनुदान प्रतिशत र रकम देहाय बमोजिम हुनेछ ।

| विवरण | नर्सरी | विरुवा रोपण |
|---|---|---|
| चिया | प्रति डाला रु. १ मा नवढ्ने गरी १०० प्रतिशत | प्रति विरुवा रु. १० मा नवढ्ने गरी ५० प्रतिशत |
| कफि | गुणस्तरिय विउ र पोलि ब्याग १०० प्रतिशत अनुलानमा उपलब्ध गराउने । | प्रति विरुवा रु. ३० मा नवढ्ने गरी ५० प्रतिशत |
| | | |

**८. अनुगमन निरिक्षण र भुक्तानीको ब्यवस्था** :- अनुगमन निरिक्षण र भुक्तानीको ब्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) अनुदान प्राप्त गर्ने निकायलाई अनुदान रकम उपलब्ध गराउनु अघि दफा ९ (१) बमोजिमको अनुदान व्यवस्थापन समितिले अनुगमन गर्न सक्नेछ ।

(ख) अनुदान प्राकपले कार्य सम्पन्न प्रतिवेदन बुझाईसके पछि पनि अनुदान व्यवस्थापन समिति वा गाउँपालिकाको अनुगमन समितिले अनिवार्य अनुगमन गर्नेछ ।

(ग) अनुगमन प्रतिवेदन प्राप्त भएपछि सम्झौता रकमको बाँकी ५० प्रतिशन अनुदान रकम उपलब्ध गराईने छ ।

(घ) अनुगमन प्रतिवेदन अनुसुचि ६ बमोजिम हुनेछ ।

(ङ) राष्ट्रिय चिया तथा कफि विकास बोर्डको प्रतिनिधि सहितको अनुगमन टोलिले कार्यक्रमको मर्म अनुरुप कार्य भएको वा नभएकोबारे निरन्तर अनुगमन गर्नेछ ।

**९. अनुदान व्यवस्थापन समिति गठन** : (१) गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा संघीय र प्रदेश सरकारबाट प्राप्त चिया कफि विकास र प्रवर्द्धन सम्बन्धी कार्यक्रमलाई व्यवस्थित गर्न तपसिल बमोजिमको अनुदान व्यवस्थापन समिति गठन गरिनेछ :

(क) गाउँपालिकाका अध्यक्ष — संयोजक

(ख) गाउँपालिकाका उपाध्यक्ष — सदस्य

(ग) आर्थिक विकास समिति संयोजक — सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

(ङ) कृषि विकास शाखा प्रमुख — सदस्य सचिव

आवश्यकता अनुसार राष्ट्रिय चिया तथा कफि विकास बोर्डको जिल्लास्थित कार्यालयका प्रतिनिधि र चिया तथा कफि सम्बन्धी विषयविज्ञलाई उक्त समितिको आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) स्वीकृत वार्षिक कार्यक्रम र संघीय तथा प्रदेश सरकारबाट चिया कफि खेती विस्तार तथा प्रवर्द्धनका लागि प्राप्त कार्यक्रम र बजेट अनुसारको कार्यक्रम कार्यान्वयनका लागि एक आर्थिक वर्षभित्र गरिने कार्यहरुको प्राथिमिकताका साथ सूची तयार गर्ने ।

(ख) कार्यहरुको सूची तयार भए पश्चात तोकिए बमोजिमको ढाँचामा प्रस्ताव आह्वान गर्न गाउँपालिकालाई अनुरोध गर्ने ।

(ग) गाउँपालिकाद्धारा गठित मूल्याँकन समितिले प्राप्त प्रस्तावहरु उपर मूल्याँकन गरी सिफारिस गरेका प्रस्तावकहरुमध्येबाट उच्चतम अंक प्राप्त गर्ने प्रस्तावक(हरु)सँग सम्झौता गर्न गाउँपालिकालाई अनुरोध गर्ने ।

(घ) गाउँपालिकाको अनुगमन समिति सहित अनुदान प्रदान गरिने कार्यक्रम/स्थलको नियमित अनुगमन गर्ने । अनुगमन गर्दा आवश्यकता अनुसार जिल्लास्थित राष्ट्रिय चिया तथा कफि विकास बोर्डको जिल्लास्थित कार्यालयका प्रतिनिधि र सम्बन्धित अन्य विशेषज्ञलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

(ङ) चिया तथा कफि खेतीको शुरुवात, विस्तार र प्रवर्द्धनका लागि संघीय र प्रादेशिक सरकार लगायत अन्य विकास साझेदारहरुसँग समन्वय र सहकार्यका लागि पहल गर्ने ।

(च) चिया तथा कफि खेती शुरुवात, विस्तार र प्रवर्द्धनका लागि अध्ययन अनुसन्धन एवं मुल्याँकन गर्न आवश्यकता अनुसार प्राविधिक परामर्शदाता नियुक्त गरी निजको सेवा सुविधा यकीन गर्ने ।

## परिच्छेद ३

## चिया प्लकिङ/प्रुनिङ, कफि पल्पिङ लगायत अन्य मेसिनरी औजारमा अनुदान सम्वन्धि ब्यवस्था

**१०. प्रस्ताव आह्वान**

(क) अनुदान व्यवसथपन समितिको सिफारिस अनुसार गाउँपालिकाले स्थानीय/राष्ट्रिय दैनिक पत्रिकामा प्रस्ताव आह्वानको सुचना प्रकाशित गरिने छ ।

(ख) प्रस्ताव आह्वानको सुचना अनुसुचि १ बमोजिम हुनेछ ।

(ग) निवेदकले अनुसुचि २ बमोजिमको निवेदन र सम्वन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूचि ३ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

**११. प्रस्ताव मुल्याङ्कन तथा छनौट विधि :** प्रस्ताव मुल्याङ्कन तथा छनौट विधि देहाय बमोजिम हुनेछ :

(क) प्रस्ताव आह्वान बमोजिम समय सिमा भित्र प्राप्त हुन आएका प्रस्तावहरु उपर गाउँपालिकाद्धारा गठित मूल्याँकन समितिले अनुसुचि ४ बमोजिमको ढाँचा तथा सार्वजनिक खरीद ऐन तथा नियमावलीमा भएका प्रवाधान समेतलाई अनुशरण गरी मूल्याङकन गर्नेछ । मूल्याङकन पश्चात प्रतिस्पर्धाको आधारमा अनुदान व्यवस्थापन समितिलाई कारवाही प्रक्रिया अगाडी बढाउन सिफारिस गर्नेछ ।

(ख) मूल्याँकन समितिको सिफारिसको आधारमा अनुदान व्यवस्थापन समितिले प्रस्तावकहरुको अन्तिम छनौट गरी निर्णय गर्नेछ ।

(ग) छनौट भएका प्रस्तावकहरुसंग अनुसुचि ५ बमोजिमको ढाँचामा सार्वजनिक खरीद ऐन तथा नियमावलीको प्रतिकूल नहुने गरी सम्झौता गरिनेछ ।

**१२. अनुदान उपलब्ध गराईने आधारहरु** : अनुदान उपलब्ध गराईने आधारहरु देहाय बमोजिम हुनेछन ।

(क) प्रस्तावको साथ संलग्न गर्नु पर्ने कागजातहरु अनिवार्य रुपमा पेश गरेको हुनु पर्नेछ । माग अनुरुपका कागजातहरु अपुग भएमा प्रस्ताव रद्ध गर्न सकिनेछ ।

(ख) अनुदान लिन ईच्छुक निकाय गाउँपालिकामा दर्ता भएको हुनुपर्ने छ ।

(ग) बैदेशिक रोजगारीबाट फर्केका युवा बर्ग, शिक्षित बेरोजगार तथा सहकारी संघ/संस्थाहरुको प्रस्तावलाई प्राथमिकता दिईनेछ ।

(घ) सहकारी संघ/संस्थाहरु सहकारीको सिद्धान्त र मुल्यमान्यता अनुरुप संचालन भए/नभएको मुल्याङ्कन गरिनेछ ।

(ङ) प्रशोधन मेसिनहरु उपलब्ध गराउँदा अनुगमन गरी उत्पादनको आकारलाई हेरी निर्णय गरिने छ ।

१३. **उपलब्ध गराईने अनुदान रकम** : यसरी मेसिनरी औजारहरुमा उपलब्ध गराईने रकम खरिद गरेको भ्याट विलको ५० प्रतिशत भन्दा नबढ्नेगरी हुने छ ।

१४. **अनुगमन निरिक्षण र भुक्तानीको व्यवस्थाः-** अनुगमन निरिक्षण र भुक्तानीको व्यवस्था देहाय बमोजिमको हुनेछ ।

क) अनुदान प्राप्त गर्ने निकायलाई मेसिनरी औजार अनुदान उपलब्ध गराउनु अघि गाउँपालिकाको अनुगमन समिति र अनुदान व्यवस्थापन समितिले संयुक्त रुपमा अनुगमन गर्न सक्नेछन् ।

ख) छनौट भएका प्रस्तावहरुसंग अनुसुचि ५ बमोजिमको ढाँचामा सम्झौता गरी सम्झौतानुसारको रकम अनुदान प्राप्त गर्ने निकायले खरिद गरेको भ्याट विल पेश गरेपछि अनुगमन निरिक्षण पश्चात उपलब्ध गराईने छ ।

(ग) अनुदान उपलब्ध गराईएको मेसिनरी औजारहरुको अवस्थाबारे बुझ्न अनुदान व्यवस्थापन समितिले कुनै पनि बेला अनुगमन गर्न सक्नेछ ।

(घ) गाउँपालिकाको अनुगमन समिति र राष्ट्रिय चिया तथा कफि विकास बोर्डको प्रतिनिधि सहितको अनुगमन टोलिले कार्यक्रमको मर्म अनुरुप कार्य भएको वा नभएकोबारे निरन्तर अनुगमन गर्नेछ ।

## परिच्छेद ४

## चिया/कफी प्रशोधन कारखाना स्थापनाका लागि अनुदान सम्वन्धि व्यवस्था

**१५. प्रस्ताव आह्वान**

(क) अनुदान व्यवस्थापन समितिको सिफारिस अनुसार गाउँपालिकाले स्थानीय/राष्ट्रिय दैनिक पत्रिकामा प्रस्ताव आह्वानको सुचना प्रकाशित गरिने छ ।

(ख) प्रस्ताव आह्वानको सुचना अनुसुचि १ बमोजिम हुनेछ ।

(ग) निवेदकले अनुसुचि २ बमोजिमको निवेदन र सम्वन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूची ३ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

१६. **प्रस्ताव मुल्याङ्कन तथा छनौट विधि** : प्रस्ताव मुल्याङ्कन तथा छनौट विधि देहाय बमोजिम हुनेछ :

(क) प्रस्ताव आह्वान बमोजिम समय सिमा भित्र प्राप्त हुन आएका प्रस्तावहरु उपर गाउँपालिकाद्धारा गठित मूल्याँकन समितिले अनुसुचि ४ बमोजिमको ढाँचा तथा सार्वजनिक खरीद ऐन तथा नियमावलीमा भएका प्रवाधान समेतलाई अनुशरण गरी मूल्याङकन गर्नेछ । मूल्याङकन पश्चात प्रतिस्पर्धाको आधारमा अनुदान व्यवस्थापन समितिलाई कारवाही प्रक्रिया अगाडी बढाउन सिफारिस गर्नेछ ।

(ख) खरीद इकाईको सिफारिसको आधारमा अनुदान व्यवस्थापन समितिले प्रस्तावकहरुको अन्तिम छनौट गरी निर्णय गर्नेछ ।

(ग) छनौट भएका प्रस्तावकहरुसंग अनुसुची ५ बमोजिमको ढाँचामा सम्झौता गरी सार्वनजिक खरिद ऐन २०६३ को प्रतिकुल नहुनेगरी अनुदान उपलब्ध गराईनेछ ।

१७. **अनुदान उपलब्ध गराईने आधारहरुः** अनुदान उपलब्ध गराईने आधारहरु देहाय बमोजिम हुनेछन :

(क) प्रस्तावको साथ संलग्न गर्नु पर्ने कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्ने छ । तोकिए बमोजिमका कागजातहरु अपुग भएमा प्रस्ताव रद्ध गर्न सकिनेछ ।

(ख) अनुदान लिन ईच्छुक निकाय गाउँपालिकामा दर्ता भएको हुनुपर्ने छ ।

(ग) उद्योग स्थापना हुने स्थानको वडा कार्यालयले सिफारिस गरिएको हुनुपर्नेछ ।

(घ) सहकारी संघ/संस्थाहरुको नाममा स्थापना हुने कारखानाहरुको हकमा प्रस्ताव पेश गर्दा सम्वन्धित विषयगत संघ वा केन्द्रीय संघहरुले समेत सिफारिस गरिएको हुनुपर्नेछ ।

(ङ) सहकारी संघ/संस्थाहरु सहकारीको सिद्धान्त र मुल्याङ्कन सहकारीको सिद्धान्त र मुल्यमान्यता अनुरुप संचालन भए/नभएको मुल्याङ्कन गरिनेछ ।

(च) भौतिक पुर्वाधारहरु तयार भईसकेका निर्माणधिन कारखानालाई विशेष प्राथमिकता दिईनेछ ।

(छ) अनुदान प्राप्त गर्नको लागि कारखाना स्थापना हुने स्थान वन आसपासमा देहाय बमोजिमको न्यनतम कच्चा पदार्थ उत्पादन तथा संकलन भएको हुनुपर्नेछ ।

| सि.नं. | कारखानाको किसिम | प्रतिदिन न्यनतम सङ्कलन |
|---|---|---|
| १ | लघु स्तरको स्पेसियालिटि चिया कारखाना | १०० केजी हरियो पत्ति |
| २ | मध्यम स्तरको सिटिसि चिया कारखाना | ५०० केजी हरियो पत्ति |
| ३. | ठुलो स्तरको सिटिसि चिया कारखाना | १०००० केजी हरियो पत्ति |
| ४ | ठुलो स्तरको अर्थोडक्स चिया कारखाना | ५००० केजी हरियो पत्ति |
| ५ | कफि कारखाना | ३०० केजी पार्चमेन्ट |
| ६ | ब्लेन्डिङ हाउस | ५० केजी तयारी चिया |

**१८. उपलब्ध गराईने अनुदान रकम :** रजिस्टर्ड प्राविधिकहरुले गरेको ईस्टिमेटका आधारमा गाउँपालिकाको स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिम हुने गरी कुल परियोजनाको ५० प्रतिशत अनुदान उपलब्ध गराईनेछ ।

| सि.नं. | कारखानाको किसिम | उपलब्ध गराईने अधिकतम अनुदान |
|---|---|---|
| १ | लघु स्तरको स्पेसियालिटि चिया कारखाना | १५०००००।- (पन्ध्र लाख) |
| २ | मध्यम स्तरको सिटिसि चिया कारखाना | ३०,००,०००।- (तिस लाख) |

| | | |
|---|---|---|
| ३. | ठूलो स्तरको सिटिसि चिया कारखाना | ३,५०,००,०००।- (तिन करोड पचास लाख) |
| ४ | ठूलो स्तरको अर्थोडक्स चिया कारखाना | २,५०,००,०००।- (दुई करोड पचास लाख) |
| ५ | कफि कारखाना | १,००,००,०००।- (एक करोड) |
| ६ | ब्लेन्डिङ हाउस | २,००,००,०००।- (दुई करोड) |

१९ **अनुगमन र निरिक्षण** :- छनौट भएका प्रस्तावित प्रशोधन कारखानाको सुरुवात पूर्व र कार्य सम्पादन पश्चात अनुदान व्यवस्थापन समिति र गाउँपालिकाको अनुगमन समितिले संयुक्त अनुगमन निरिक्षण गरेर मात्र रकम उपलब्ध गराईने छ । साथै राष्ट्रिय चिया तथा कफि विकास बोर्डको प्रतिनिधि सहित गाउँपालिकाको अनुगमन टोलीले कार्यक्रमको मर्म अनुरुप कार्य भएको वा नभएको बारे निरन्तर अनुगमन गर्नेछ ।

२०. **विशेष व्यवस्था**

(क) गाउँपालिका र संघीय तथा प्रदेशबाट अनुदान सहयोग लिई स्थापना भएका कारखानाहरुले आफ्नो व्यवस्थापनमा कारखाना भएको वडाको वडाध्यक्षलाई सदस्यको रुपमा अनिवार्य प्रतिनिधित्व गराउनु पर्नेछ ।

(ख) यसरी स्थापना भएका कारखानाहरु गाउँपालिकाको अनुमति विना व्यवस्थापन तथा स्वामित्व हस्तान्तरण गर्न पाईने छैन

## परिच्छेद ५

## विविध

२१. **सम्झौता :-** छनौट भएका निकायसंग कार्यक्रम संचालनको लागि अनुसुचि ६ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ । विषय र परिस्थिति अनुसार उक्त ढाँचाका शर्तहरु थपघट गर्न सकिने छ ।

२२. **भुक्तानी विधि** :- प्राप्त प्रस्तावहरुबाट अनुदानको लागि छनौट भएका प्रस्तावकहरुसंग अनुसुचि ६ बमोजिमको ढाँचामा सम्झौता गरी अनुदान रकम प्राप्त गर्ने निकायको बैङ्क खातामा जम्मा गरिने छ ।

२३. **कारवाहीको व्यवस्था** : प्रस्ताव स्विकृत भएका निकायहरुले प्रस्ताव र सम्झौता अनुसार जुन प्रयोजनका लागि अनुदान उपलब्ध गराइएको सो बाहेक अन्य प्रयोजनमा प्रयोग भएमा वा दुरुपयोग भएमा व्यवसाय वा सम्पत्तिको आयु दश बर्ष मानी दुरुपयोग भएको वा उपयोग नभएको समय पछिको बाँकी अवधिको घट्दो बार्षिक १० प्रतिशतका दरले अनुदान रकम नेपाल सरकारको प्रचलित ऐन, नियम र कानुन बमोजिम सरकारी रकम बांकी सरह असुल उपर वा अन्य कारवाही गरिने छ ।

२४. **नाम उल्लेख गर्ने सम्वन्धमा**

(क) अनुदान प्राप्त गरेको निकायले अनुदान प्राप्त गरेका मेसिनरी औजारमा जुन निकायबाट अनुदान प्राप्त गरेको हो, त्यसको नाम स्पष्ट रुपमा लेख्नु पर्नेछ ।

(ख) नर्सरी, विरुवा रोपण तथा कारखानाको हकमा पनि उपयुक्त स्थानमा अनुदान विवरण खुलाई मेटल बोर्ड राख्नुपर्ने छ ।

२५ **अभिलेख राख्ने व्यवस्था**

(क) प्रस्तव स्वीकृत भएका निकायहरुको अनुसुचि ७ बमोजिमको निर्दिष्ट ढाँचामा अभिलेख राखिनेछ ।

(ख) अनुसुचि ७ बमोजिमको ढाँचामा चिया र कफिको लागत छुट्टाछुट्टै राख्नुपर्नेछ ।

२६ **अनुगमन निरिक्षण सम्वन्धि व्यवस्था**

(क) गाउँपालिकाले जुनसुकै बेला अनुदान प्राप्त गर्ने निकायको अनुगमन गर्न सक्नेछ ।

(ख) राष्ट्रिय चिया तथा कफि विकास बोर्डको प्रतिनिधि तथा अन्य आवश्यक प्राविधिक सहितको अनुगमन टोलिले कार्यक्रमको मर्म अनुरुप कार्य भएको वा नभएको बारे निरन्तर अनुगमन गर्नेछ ।

**२७. अन्य निकायसंग समन्वय सम्वन्धि व्यवस्था**

(क) कफिको गुणस्तरीय विऊ विरुवा उत्पादन र नर्सरी सम्वन्धी तालिमका लागि सम्भव भएसम्म कफि अनुसन्धान केन्द्रसँग समन्वय गरी कार्य गरिनेछ ।

(ख) नेपाल सरकारको कुनै पनि निकायहरुसंगको सहयोग र समन्वयमा समेत कार्यक्रमहरु संचालन गर्न सकिनेछ ।

**२८. विवाद समाधानः** यस कार्यविधि अनुसार सम्पन्न गरिने कामको सिलसिलामा कुनै विवाद वा भ्रम सृजना भएमा सो को निराकरण गर्ने निम्मेवारी अनुदान ब्यवस्थापन समितिको हुनेछ ।

२९. **प्रचलित कानुन लागु हुने** : कार्यक्रम कार्यान्वयनको सम्वन्धमा यस कार्यविधिमा उल्लेख भएका सोहि बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

३०. **कार्यविधि संशोधन तथा खारेजी** : आवश्यकतानुसार अनुदान ब्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले यस कार्यविधिमा संशोधन एबम् खारेजी गर्न सक्नेछ । चिया तथा कफि विकास र प्रवर्द्धनका लागि यस अघि भए गरेका खर्च यसै बमोजिम भएको मानिनेछ ।

**अनुसूची १**

ताँदी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

चिया तथा कफी विस्तार कार्यक्रमको लागि अनुदान

**प्रस्ताव आह्वान सम्वन्धी सूचनाको नमूना**

प्रथम पटक प्रकाशित मिति :

तादी गाउँपालिकाको लागि आ.व. २०७६/०७७ मा नेपाल सरकारबाट प्राप्त अनुदान अन्तर्गत **अर्गानिक कफी उत्पादन तथा प्रशोधनको लागि फार्म स्थापना** (कफी विस्तार कार्यक्रम अन्तर्गत कफी नर्सरी स्थापना, नमुना कफी बगैंचा स्थापना तथा कफी पल्पर मेसिन) का लागि ५० प्रतिशत अनुदान उपलब्ध गराउने सम्बन्धमा प्रस्ताव आव्हान गरिएको छ । ईच्छुक कृषक समुह, सहकारी, संघ, संस्था, उद्योग, फर्महरुले तपशिल बमोजिमका कागजातहरु संलग्न गरि १५ (पन्ध्र) दिन भित्र तादी गाउँपालिकाको कार्यालय, खरानीटार प्रस्ताव निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**पेश गर्नुपर्ने आवस्यक कागजातहरु**

१. अनुसूची २ बमोजिमको निवेदन,
२. अनुसूची ३ बमोजिमको प्रस्तावना,
३. नविकरण सहित संस्था दर्ता प्रमाणपत्र,
४. स्थायी लेखा नम्बर (PAN) को प्रतिलिपि,
५. व्यवसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपी,
६. सम्बन्धित वडा कार्यालयको सिफारीस,
७. अघिल्लो बर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,
८. संचालक समितिको निर्णयको प्रतिलिपि,
९. संस्थाको प्रमुख व्यक्तिको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,
१०. सम्वन्धित विषयगत शाखाको सिफारिस,
११. ICS का आधारभुत कागजातहरु (ICS व्यवस्थापन अनुदानको लागि मात्र)

अनुदान उपलव्ध गराइने आधारहरु

१ नमुना कफी बगैंचा स्थापनाका लागि न्यूनतम १० रोपनी जमिनमा कफी खेती गरेको हुनु पर्नेछ ।
२. कफी नर्सरीको लागि न्युनतम १,००,००० विरुवा उपत्पादनको लागि प्रस्ताव पेश गरेको हुनुपर्नेछ ।
३. कफी पल्पर मेसिन अनुदानका लागि वार्षिक ८ मे.टन फ्रेस चेरी उत्पादन/संकलन भएको हुनु पर्ने छ ।
४. ८०० मिटर भन्दा माथि उचाइको कफी रोपणलाई मात्र अनुदान प्रदान गरिनेछ ।
५. बैदेशिक रोजगारबाट फर्केका युवा वर्ग, शिक्षित बेरोजगार एवं कफी उत्पादक सहकारी संघ, संस्थाहरुको प्रस्तावलाई प्राथमिकता दिइनेछ ।
६. सोही कार्यको लागि अन्य निकायबाट अनुदान लिएको भए खुलाउनु पर्ने छ ।

कार्यविधी, अनुसूची एवम विस्तृत विवरणको थप जानकारीको लागि फोन नं. ०१०-६३०००६ ।

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची २

बुँदा नं ४(ग), १०(ग) र १५(ग) संग सम्वन्धित
**निवेदन दिने ढाँचा**

श्रीमान् संयोजकज्यू,

तादी गाउँपालिका

अनुदान व्यवस्थापन समिति

..........................................

**विषयः- अनुदानका लागि प्रस्ताव पेश गरिएको बारे ।**

तादी गाउँपालिकाको मिति .................... को स्थानीय/राष्ट्रिय दैनिक ....................... मा प्रकाशित सूचना अनुसार जिल्ला तादी गा.पा..................................वडा नं. .......................टोल/गाउँ ..........................मा म/हामी ...............................................ले तपशिल बमोजिमको चिया र कफी विस्तार कार्यक्रम/मेसिनरी औजार र कारखाना स्थापनाको लागि सुचनामा उल्लेख भए अनुसारका कागजातहरू संलग्न गरी अनुदानको लागि यो निवेदन पेश गरेको छु/छौं ।

तपशिल

नर्सरी अनुदान :- उत्पादन गर्ने विरुवा संख्या ..................................
विरुवा रोपण अनुदान :- विरुवा संख्या...................................................
रोपनी ............................................................
मेसिनरी औजार अनुदान :- मेसिनको नाम....................................................
थान ...............................................................
कारखाना स्थापनार्थ अनुदान :- कारखानाको किसिम............................................
कारखानाको क्षमता ............................................

निवेदक
प्रस्तावक संस्थाको तर्फबाट
प्रस्तावक संस्थाको नाम..........................................................
संस्थाको प्रमुख व्यक्तिको नाम..........................................................
दस्तखत.........................
मिति............................
सम्पर्क नं................................
संस्थाको छाप

## **अनुसूची ३**

बुँदा नं ४(ग), १०(ग) र १५(ग) संग सम्वन्धित

**परियोजना प्रस्तावको ढाँचा**

क. संस्थाको विवरण

१. संस्थाको नाम र परिचय

२. संस्था दर्ता नं. र दर्ता भएको कार्यालय

३. VAT/PAN दर्ता नं. (दर्ता भएको भए)

४.हालको चियाको हरियो पत्ति र कफीको फ्रेस चेरी उत्पादन परिमण (प्रति दिन)

५. पेश गरेको प्रस्तावकको नाम

उद्देश्य/आवश्यकता

ख. प्राविधिक प्रस्ताव

१. परियोजना कार्याम्वयान हुने स्थान

विरुवा संख्या कुल रोपनी लाभान्वित कृषक संख्या

२. परियोजना कार्यान्वयन हुने स्थानमा विद्यमान भौतिक पुर्वाधारहरु

सडक छ/छैन कच्चि/पक्की

विजुलि छ/छैन सिंचाईको व्यवस्था के छ ?

नजिकको बजारको नाम दुरी ?

३. परियोजनाको सम्भाव्यता विस्तृत विवरण

प्राविधिक पक्ष (हाल अपनाइएको पविधि, प्राविधिक कर्मचारी, तालिमको आश्यकता आदी)

विरुवा रोपण अनुदानको लागि भए विरुवाको श्रोत र विवरण

नर्सरी अनुदानको लागि भए विउ/कटिङ डालाको श्रोत विवरण

कारखाना स्थापनाको लागि भए विस्तृत ईन्जिनियरिङ तथा लागत ईस्टिमेट

आन्तरिक नियन्त्रण प्रणालि व्यवस्थापन अनुदानको लागि भए प्राङ्गारीक प्रमाणिकरण बारे विस्तृत विवरण

४. लक्षित तथा लाभान्वित कृषकहरुको विवरण

(ग) आर्थिक प्रस्ताव

१. अनुमानित कार्यक्रम बजेट

संस्थाले ब्यहोर्ने रकम

बोर्ड बाट अनुदान रकम

२. विस्तत वित्तिय विश्लेषण (IRR, BC Ratio) सहित परियोजना प्रस्ताव (कारखाना स्थापनाको लागि मात्र)

३. अन्य केहि भए

# अनुसूची -४

## (बुँदा नं.५(१), ११(१) र १६(१) सँग सम्बन्धित)

## छनौट गर्नको लागि मुल्याङ्कन गर्ने आधारहरु

| क्र.सं. | विवरण | पूर्णाङ्क | अकं प्रदान |
|---|---|---|---|
| १ | व्यवसायको आकार | २० | १० अंक (तोकिएको न्युनतम परिमाणमा प्रस्ताव पेश भए)<br>११-१५ अंक - तोकिएको न्युनतम परिणाम भन्दा ३०% देखि ५०% सम्म प्रस्ताव पेश भए )<br>१६-२० अकं (तोकिएको न्युनतम परिणम भन्दा ५०%देखि माथि प्रस्ताव पेश) |
| २ | लाभान्वित हुने कृषक संख्या | २० | १० अंक (२० देखि ५० जना)<br>११-१५ अंक (५१ देखि १०० जना)<br>१६-२० अकं (१०० जना भन्दा माथि) |
| ३. | आवेदक संस्थाको स्वरुप | २० | १० अंक (कृषक समुह भए ।<br>१५ अक -निजी फर्म तथा दर्तावाल समुह भए)<br>२० अंक -महिला तथा लक्षित समुदायद्धारा सञ्चालित फर्म तथा सहकारी भए) |
| ४. | परियोजना स्थल वरिपरिको भौतिक पुर्वाधारको अवस्था | २० | १० अकं (सिँचाइ उपलब्ध भए)<br>१५ अंक (सिचाइ र विजुलीको व्यवस्था भए)<br>२० अंक (सिँचाइ, विजुली, सडक र बजारको व्यवस्था भए) |
| ५ | अनुदानको लागि कार्यविधिमा उल्लेख भएका आधारहरुको अवस्था | २० | १० अंक -उल्लेखित मध्ये ५० प्रतिशत भन्दा कम आधारहरु भए)<br>११-१५ अंक -उल्लेखित मध्ये ५०-७५ प्रतिशत आधारहरु भए)<br>१६-२० अंक -उल्लेखित मध्ये ७५-१०० प्रतिशत आधारहरु भए) |

नोट : उपरोक्त बमोजिमको मुल्याँकनका आधारहरु तय गर्दा सार्वजनिक खरीद ऐन र नियमावलीमा उल्लेख भए भन्दा बढी अंकभार दिइने छैन ।

# अनुसूची -५

(कार्यविधिको बुँदा ११(ग) संग सम्बन्धित)

## सम्झौता पत्रको ढाँचा

तादी गाउँपालिका/संघीय सरकार/प्रदेश सरकारको आ.व. २० / / को स्वीकति वार्षिक कार्यक्रम अनुसार चिया/ कफि शुरुवात, विस्तार र प्रवर्द्धन कार्यक्रम/मेसिन/औजार /कारखाना स्थापनाको लागि अनुदान दिन पेश भएको प्रस्ताव मध्ये मिति ................मा बसेको अनुदान व्यवस्थापन समितिको बैठकबाट श्री .......................................................(संस्थाको नाम) लाई अनुदान दिने निर्णय भएकोले तादी गाउँपालिका ( यस पछि प्रथम पक्ष भनिने ) र ....................................................(सस्थाको नाम /ठेगाना ) (यस पछि दोस्रो पक्ष भनिने) बीच तपशिल बमोजिमको निर्णय गरियो ।

**शर्तहरु**

१. दोस्रो पक्ष परियोजना प्रस्ताव अनुसार ..........................................(संस्था रहेको ठाँउ र जिल्ला) मा कफी विस्तार कार्यक्रम/मेसिनरी औजार/कारखाना सञ्चालन गर्न प्रथम पक्षबाट रु ..................................( अक्षरुपी..................................................) अनुदान स्वरुप उपलब्ध गराईनेछ भने बाकी रकम दोस्रो पक्ष आफैले लगानी गर्नुपर्नेछ ।

२. प्रथम पक्ष बाट प्रप्त भएको अनुदान रकम नुवाकोट जिल्ला तादी गाउँपालिका वडा नं............टोल.............मा प्रयोग गरी कार्यान्वयन गरिनेछ ।

३. प्रथम पक्षको अनुदानमा खरीद कनै पनि मेसिन औजार प्रथम पक्षको अनुमति विना स्थान्तरण, वेचविखन वा हस्तान्तरण गर्न पाईने छैन

४. प्रथम पक्षबाट अनुदान स्वरुप उपलब्ध रकमबाट खरीद मेसिन उपकरणको मर्मत संभार दोश्रो पक्ष आफैले गर्नुपर्नेछ ।

५. दोश्रो पक्षले चौमासिक रुपमा नियमित प्रगति विवरण लगाएत अन्य तथ्याङ्कहरु प्रथम पक्षलाई अनिवार्य उपलब्ध गराउनुपर्नेछ ।

६. दोस्रो पक्षले मेटल बोर्ड तथा मेसिनमा सहयोगको किसिम उल्लेख गरी अनिवार्य रुपमा प्रथम पक्षको नाम राख्नु पर्नेछ ।

७. प्रथम पक्षबाट कुनै बेला पनि सम्झौता बमोजिम काम भए नभएको स्थलगत जानकारी लिन अनुगमन निरीक्षण गर्न सक्नेछ ।

८. दोसो पक्षद्धारा प्रस्ताव र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी अनुदानलाई दुरुपयोग गरेको पाईएमा अनुदान रकम सरकारी रकम बाँकी सरह असुल उपर गरिनेछ ।

९. यस सम्झौतामा उललेख नभएका विषयमा नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

| **दोश्रो पक्ष** | **प्रथम पक्ष** |
|---|---|
| दस्तखत : | दस्तखत |
| नाम : | नाम : |
| पद : | पद : |
| संस्था : | संस्था तादी गाउँ कार्यपालिकाको कार्यालय । |

# अनुसूची ६

(कार्यविधिको बुँदा नं. ८ (घ) संग सम्बन्धित)

**(कफी विस्तार कार्यक्रमको लागि अनुगमन प्रतिवेदनको ढाँचा)**

स्थलगत अनुगमन मितिः..........................जिल्ला............................गा.पा...................................

अनुदान आवेदक संस्थाको नाम ....................................................................................

संस्थको प्रमुख वा सम्पर्क व्यक्तिको नाम .....................................................................

**अनुदानको किसिम**

१. नर्सरी अनुदान लिनेको कार्य स्थिति

क. नर्सरी स्थापना भएको छ की छैन ? ☐ छ ☐ छैन

ख. छ भने कति क्षेत्रफलमा ? ...........वर्ग मी.

ग. कति परिमाण्को विउ /कटिङ डाला रोपेको ..........................के.जि/थान

घ. नर्सरीको अवस्था कस्तो छ ? ☐ राम्रो ☐ ठिकै ☐ नराम्रो

ङ. छहारीको व्यवस्था कस्तो छ ? ☐ राम्रो ☐ ठिकै ☐ नराम्रो

च. सिँचाईको व्यवस्था छ की छैन ? ☐ छ ☐ छैन

छ. विरुवामा रोग किरा लागेको छ कि छैन ? छ ☐ ☐ छैन

ज. विरुवा हुर्केपछि विरुवा रोप्ने स्थल कहाँ हो ? ......................................................................

**२. विरुवा अनुदान लिनेको कार्य स्थिति**

क. विरुवा ल्याईने नर्सरीको पहिचान भएको छ कि छैन ? छ ☐ छैन ☐

ख. छ भने नर्सरी धनीको नाम, ठेगाना र सम्पर्क ।

..........................................................................

ग. उक्त नर्सरी दर्ता भएको छ की छैन? छ ☐ छैन ☐

घ. विरुवा रोपण कति क्षेत्रफलमा गर्ने हो ? ................................................रोपनी

ङ. विरुवा रोपण कति संख्यामा गर्ने हो ? ......................वटा

च. पहिचान भएको नर्सरीमा सो परिमाणमा विरुवा छ की छैन ? छ ☐ छैन ☐

छ. रोपण गर्ने भनिएको स्थलमा सिँचाईको व्यवस्था छ की छैन ? छ ☐ छैन ☐

ज. रोपण गर्ने भनिएको स्थलमा छहारीको व्यवस्था छ की छैन ? छ ☐ छैन ☐

**३. सोही कामको लागि अन्य निकायबाट अनुदान लिएको छ की छैन ?** छ ☐ छैन ☐

**४. छ भने पूरा विवरण**

:.............................................................................................................................

**५. अनुदान लिने निकाएका समस्याहरु के-के हुन् ?**

...............................................................................................................................

**६ अनुदान रकम सदुपयोग भएको /नभएको बारे अनुगमनको सुझाव**

...............................................................................................................................

**७ स्थलगत निरीक्षण कर्ताहरुको विवरण :**

| क.सं. | नाम | पद | कार्यालय/संस्थाको नाम | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

## अनुसूची ७

(कार्यविधिको बुँदा नं. २५ संग सम्बन्धित)

# अभिलेखको ढाँचा

(क) चिया तथा कफि खेती विस्तार अनुदान विवरण ( आ.व. .......................)

| क.सं. | संस्थाको नाम | परियोजना रहेको स्थान | प्रमुख व्यक्तिको नाम | सम्पर्क नं. | नर्सरी अनुदान | | | विरुवा अनुदान | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | कटिङ डाला/ विऊ परिमाण ( थान/के.जी.) | अनुदान दर | अनुदान रकम | विरुवाको परिमाण (थान) | अनुदान दर | अनुदान रकम | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

(ख) मेशिनरी औजार तथा कारखाना स्थापना अनुदान विवरण

| क.सं | संस्थाको नाम | मेशिनको नाम | मेशिन रहने स्थान | प्रमुख व्यक्तिको नाम | सम्पर्क नं. | परिमाण | दर | संस्थाले व्यहोरेको | गाउँपालिका अनुदान | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

आज्ञाले,

दिपक दाहाल

प्रमुख प्रशासकीय अधिकृत